# वनस्पति स्रोत
## समाचार पत्र
### वनस्पति विभागको प्रकाशन

वि.सं. २०७९ पौष/January 2023 वर्ष २५ अंक २


## अन्तर्राष्ट्रिय सहभागिता

**Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) को 19th meeting of Conference of Parties (CoP 19) मा सहभागिता**

पानामा सिटी, पानामा (मध्य अमेरिका) मा मिति २०७९/०७/२८ गतेदेखि २०७९/०८/०९ गते (सन् २०२२, नोभेम्बर १४-२५) सम्म सञ्चालन भएको CITES को १९ औं सम्मेलनमा (वन तथा वातावरण मन्त्रालयको मिति २०७९/०७/०३ को सचिवस्तरीय निर्णयबमोजिम) यस विभागको, जैविक विविधता तथा साइटिस शाखाका वैज्ञानिक अधिकृत श्री ज्वाला श्रेष्ठ र सहायक वैज्ञानिक अधिकृत श्री कल्पना शर्मा (ढकाल) ले मिति २०७९/०८/०३ गतेदेखि २०७९/०८/०९ गते (सन् २०२२, नोभेम्बर १९-२५) सम्म भाग लिनु भएको थियो । भ्रमण टोलीको प्रमुख डा. महेश्वर ढकाल, महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग साथै डा. राजेन्द्र के.सी., प्रमुख, चुरे उत्थानशील आयोजना गरी नेपालबाट उक्त सम्मेलनमा सहभागिता जनाउनेको संख्या जम्मा चार जना थियो । नेपाल समेत १६० पक्ष राष्ट्रका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त सम्मेलनमा चीन, भारत, मलेसिया, भुटान, पाकिस्तान, श्रीलङ्का, लगायतका मुलुकका सहभागीहरू साथै TRAFFIC International र European Union का सहभागीहरूसँग समेत जटामसीको अन्तर्राष्ट्रिय व्यापार लगायत अन्य विषयमा छलफल भएको थियो । उक्त सम्मेलनमा पेश भएका विभिन्न ५२ वटा प्रस्तावना मध्ये ४६ वटा प्रस्तावना सम्मेलनले अंगीकरण (adopt) गरी ५०० भन्दा बढी वन्यजन्तु तथा वनस्पतिका नयाँ प्रजातिको अन्तर्राष्ट्रिय व्यापार नियमन गर्न साइटिस सूचीमा थप भएका छन् ।

साइटिसको CoP 19 सम्मेलन तथा ७५ औं Standing Committee मा साइटिसमा सूचीकृत नेपालका वनस्पतिहरूसँग सम्बन्धित भएका निर्णयहरू यस प्रकार रहेका छन्-

१. नेपालको जटामसीलाई Review of Significant Trade (RST) बाट हटाइएको ।
२. भारतको प्रस्ताव र नेपालको समर्थनमा सिसौ प्रजाति साइटिसको अनुसूची-२ बाट हटाउने प्रस्तावना CoP 19 सम्मेलनमा पेश गरेकोमा सो प्रस्तावना भोटिङ्ग पश्चात् लागू हुन सकेन ।
३. चीन, युरोपियन युनियन, युक्रेन, युनाईटेड किंगडम अफ ग्रेट ब्रिटेन, नर्दन आयरल्याण्ड तथा संयुक्त राज्य अमेरिकाजस्ता मुलुकले नेपालमा समेत पाइने *Rhodiola* spp. लाई साइटिसको अनुसूची-२ मा राख्न एजेण्डा प्रस्ताव गरेकोमा सो पारित भएको ।



साइटिसको CoP 19 सम्मेलनको झलक




CoP 19 मा सहभागी नेपालका प्रतिनिधिहरू


वन तथा वातावरण मन्त्रालय
**वनस्पति विभाग**
थापाथली, काठमाडौं, नेपाल, पो.ब.नं. २२७०
टेलिफोन: ५-३६८२४६, ५-३५११६०, फ्याक्स: ९७७-१-५३५११४१
E-mail: info@dpr.gov.np Website: www.dpr.gov.np

**सम्पादकीय...**

## वनस्पति सदुपयोगका लागि पहिचानको महत्व

वनस्पति विभागले स्थापनाकालदेखि नै नेपालका वनस्पतिको सर्वेक्षण, पहिचान, अन्वेषण, अध्ययन अनुसन्धान, संरक्षण, जडीबुटीको विश्लेषण तथा प्रमाणिकरण गरी व्यापारमा सहजीकरण गर्नुका साथै वनस्पति संरक्षण र दिगो उपयोग सम्बन्धी जनचेतना पनि फैलाउने कार्य गर्दै आइरहेको छ । यसै सन्दर्भमा वनस्पति विभागमा भए गरेका अध्ययन अनुसन्धानका साथै कार्य अनुभवका आधारमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलनमा वनस्पति विभागका कर्मचारीहरू सक्रिय रुपमा सहभागी भई नेपालका वनस्पति सम्बन्धमा अन्तर्राष्ट्रिय जगतलाई जानकारी प्रदान गर्नुका साथै अन्तर्राष्ट्रिय जगतले गरेका वनस्पति सम्बन्धी अध्ययन अनुसन्धान लगायत संरक्षणका प्रयासहरू सिक्ने मौका पाएका छन् । यस किसिमको सहभागिताले विभिन्न राष्ट्रका साथै संस्थाका विज्ञहरूसँग चिनजानका साथै नेटवर्क बढ्नेदेखि लिएर कर्मचारीको क्षमता अभिवृद्धि भई सकारात्मक उत्प्रेरणा हुने हुनाले यस किसिमको सहभागिताका लागि कर्मचारीलाई प्रोत्साहन गर्नुले पक्कै पनि विभागलाई प्रगतिको बाटोतर्फ डोऱ्याउँछ ।

“चिन्नेलाई श्रीखण्ड नचिन्नेलाई खुर्पाको बिंड” भने जस्तै वनस्पति र यसको महत्व, त्यसमा भएका सारतत्व र उक्त वनस्पतिले पारिस्थितिकीय प्रणालीमा पार्ने सकारात्मक असर र सो वनस्पति मासिंदा पारिस्थितिकीय प्रणालीमा पर्ने नकारात्मक असरबारे सर्वसाधरणलाई थाहा नहुँदा पनि नेपालका कति वनस्पति संकटापन्न अवस्थामा पुगेका छन् भने कति वनस्पति न्यून मूल्यमा बिक्री भैरहेको अवस्था छ । यस अवस्थालाई सुधार गर्दै लैजानका लागि स्थानीय स्तरमा भएका वनस्पतिहरू प्रति स्थानीयलाई नै आकर्षण जगाई स्थानीय स्तरबाटै संरक्षणका प्रयास गराउने उद्देश्यसहित वनस्पति विभाग साथै विभाग अन्तर्गतका तीन वटा केन्द्रिय कार्यालयहरूले वैज्ञानिक पहिचान र विश्लेषणसम्बन्धी र सातवटा अनुसन्धान केन्द्रहरूले स्थानीयस्तरमा रहेका विद्यालयहरूमा जडीबुटीसम्बन्धी जनचेतना फैलाउने कार्य लगायत विभिन्न उपभोक्ता समूहहरूलाई संकटापूर्ण वनस्पतिको स्व-स्थानीय संरक्षणका लागि सचेतनामूलक कार्यक्रम गरी वनस्पतिको संरक्षणका लागि योगदान पुऱ्याइरहेको छ । यसैगरी विभिन्न वनस्पति उद्यानहरूमा वनस्पतिहरूको परस्थानीय संरक्षण, विभिन्न जडीबुटीको खेती प्रविधि विकास गरी सो जडीबुटीको खेतीका लागि तालिम र बिरुवा वितरण गरी वनस्पति संरक्षण गर्नुका साथै आय आर्जनका लागि समेत टेवा पुऱ्याइरहेको छ ।

अत: वनस्पतिको दिगो उपयोग र संरक्षणका लागि सर्वप्रथम वनस्पतिलाई चिन्न जरुरी छ । यसका लागि स्थानीय सरकारका विद्यालय तहदेखि नै जडीबुटीको पहिचान, महत्व र संरक्षणबारे बृहत जनचेतना फैलाउनु अति आवश्यक देखिन्छ । ग्लोबल ट्याक्सोनोमी इनिसिएटिभ (जीटीआई) को सचिवालय वनस्पति विभागले आगामी दिनमा यस सम्बन्धी थप कार्यक्रमहरू तय गरेर अगाडि बढाउनु पर्ने आवश्यकता देखिएको छ ।

## वनस्पति विभागबाट साइटिस CoP मा सहभागिताको इतिहास

| क्र.सं. | नाम | मिति (सन्) | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | समर बहादुर मल्ल | १९८७ | ओटावा, क्यानडा | CoP6 |
| २ | तिर्थमान मास्के | १९८९ | लाउसाने, स्वीजरल्याण्ड | CoP7, वन तथा वनस्पति अनुसन्धान विभाग |
| ३ | मधुसुदन विष्ट | २००० | गिगिरी, केन्या | CoP11 |
| ४ | कल्पना शर्मा (ढकाल) | २०१९ | जेनेभा, स्वीजरल्याण्ड | CoP18 |
| ५ | ज्वाला श्रेष्ठ र कल्पना शर्मा (ढकाल) | २०२२ | पनामा सिटी, पनामा | CoP19 |

## 9th World Ayurveda Congress (WAC) and AROGYA, 2022 मा सहभागिता

जडीबुटी प्रवर्द्धन तथा विकास शाखाका शाखा प्रमुख, वै.अ. श्री रमेश बहादुर बस्नेतले सन् २०२२ डिसेम्बर ८-११ सम्म भारतको गोवामा आयोजना भएको 9th World Ayurveda Congress (WAC) and AROGYA, २०२२ मा सहभागी भई “Conservation and Management of Medicinal Plants through Participatory Model in Nepal” शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो सम्मेलनमा नेपालको जडीबुटी क्षेत्रको विकासमा उपयोगी हुने सवालहरूलाई देहायका बुँदाहरूमा समेटिएको छ -

- जडीबुटी खेतीको अर्गानिक सर्टिफिकेशन गर्दा तीनगुणासम्म मूल्य पाउन सकिने सम्भावना रहेको ।
- साना संकलक/कृषकहरूले साना, मध्यमले - मध्यम र ठूलाले - ठूला उद्यमीहरूलाई मात्र आफ्नो संकलन/उत्पादन बिक्री गर्न पाउने व्यवस्था गर्ने ।
- ग्रेडिङ अनुसार गुणस्तर र मूल्यमा विविधता कायम गर्नुपर्ने ।
- ट्याक्सोनोमी तथा केमो ट्याक्सोनोमीको अध्ययनबाट वैकल्पिक जडीबुटीहरू प्रयोगमा ल्याउने ।
- दुर्लभ, संकटापन्न जडीबुटीहरूलाई जैविक प्रविधि, एक्वाकल्चर, हाइड्रोपोनिक प्रविधिलाई उपयोग गरी उत्पादन र उत्पादकत्व बढाउने ।




कार्यपत्र प्रस्तुतिपछि मायाको चिनो र प्रमाणपत्र लिंदै

## तालिम

सन् २०२२, डिसेम्बर ६-९ सम्म Asian Institute of Technology, (AIT) Bangkok, Thailand मा संचालन भएको “Training




तालिमका सहभागीहरु

Programme on National Mercury Monitoring" सम्बन्धी तालिममा वनस्पति विभागका वै.अ. श्री अंजनी कुमार अधिकारी सहभागी हुनु भएको थियो । United Nation Environment Programme (UNEP) द्वारा संचालित उक्त तालिममा श्रीलंका, नेपाल, मालदिभ्स, ईन्डोनेसिया, फिलिपिन्स, थाइल्याण्डबाट गरी ३० जनाको सहभागिता रहेको थियो । उक्त तालिममा पारो (Mercury) को प्रयोग र सोबाट स्वास्थ्यमा पर्ने असरबारे जानकारी, विश्वमा वार्षिक रुपमा विभिन्न क्षेत्रमा भइरहेको पारोको खपतको तथ्याङ्क प्रस्तुतिकरण, Minamata Convention सम्बन्धी जानकारी, हावा, पानी, माटो, तथा Biological sample (Hair, Blood, Urine) मा पारो परीक्षण गर्ने विधिहरूको बारेमा सिकाइएको थियो ।

## सहभागिता

सन् २०२२, डिसेम्बर २४ मा Greenhood Nepal ले काठमाडौंमा आयोजना गरेको "Enforcing Nepal's Law to protect orchids and to explore prospects for sustainable harvest" सम्बन्धी Consultation Workshop मा वनस्पति विभागबाट वै.अ. श्री रमेश बहादुर बस्नेत र स.वै.अ. श्री कल्पना शर्मा (ढकाल) सहभागी हुनु भएको थियो । सो अवसरमा श्री रमेश बहादुर बस्नेतले Taxonomy विधामा युवा वैज्ञानिकहरूको आकर्षण जगाउन Global Taxonomy Initiative (GTI) Nepal ले थप कार्यक्रमहरू ल्याउनु पर्नेमा जोड दिनुभएको थियो ।



श्री रमेश बहादुर बस्नेत मन्तव्य दिनुहुँदै

## भावपूर्ण श्रद्धाञ्जली



वनस्पति विभागमा महानिर्देशकको रुपमा कार्य गर्नुभएका श्री यम बहादुर थापाको मिति २०७८/०८/०७ गतेका दिन ६५ वर्षको उमेरमा निधन भएको छ । उहाँको जन्म वि.सं. २०१३/१२/३० गतेका दिन गुल्मी जिल्ला, रुपाकोट, वडा नं. ६, कालीपोखरामा भएको हो । उहाँले तत्कालीन श्री ५ को सरकारको मिति २०३८/०१/१५ को निर्णयानुसार वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्रांकित तृतीय श्रेणीको एड्र्याच्ट अधिकृत पदमा त्रियुगा वन डिभिजन कार्यालयमा सेवा प्रवेश गर्नु भएको थियो भने पुन: श्री ५ को सरकारको मिति २०३९/०३/२१ को निर्णयानुसार वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्रांकित तृतीय श्रेणीको एड्र्याच्ट अधिकृत पदमा कपिलवस्तु वन डिभिजन कार्यालयमा स्थायी नियुक्ति हुनु भएको थियो । त्यसैगरी सामान्य प्रशासन मन्त्रालयको मिति २०५२/११/२८ को निर्णयानुसार वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्रांकित द्वितीय श्रेणीमा बढुवा हुनु भएको थियो भने नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७/१२/०२ को निर्णयानुसार नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्रांकित प्रथम श्रेणीको पदमा बढुवा हुनु भएको थियो । उहाँले वनस्पति विभागको महानिर्देशक पदमा मिति २०७०/०६/३१ देखि २०७१/१२/२९ गतेसम्म कार्यभार सम्हाल्नु भएको थियो । उहाँले यस विभागमा रहँदा नेपालका वन तथा वानस्पतिक क्षेत्रको विकासको र विभाग अन्तर्गतका प्रयोगशालाहरूको प्रमाणीकरण (Laboratory Accreditation) कार्यको थालनी गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वन सम्बन्धी नीति, नियम निर्माणमा उहाँको महत्वपूर्ण योगदान रहेको थियो । वनस्पति विभागका लागि उहाँ सदैव चिरस्मरणीय रहनु हुनेछ । वनस्पति विभाग परिवार वहाँलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ ।

## प्रकाशन

- Ramesh Basnet. (2079, Mangsir). "Preserving Alpine Herbs in Dhitachaur." *New Business Age (Monthly), 22*(22), 38–40. https://www.newbusinessage.com/MagazineArticles/view/3731

## प्राकृतिक सम्पदा अनुसन्धानशाला

यस अनुसन्धानशालावाट जडीबुटीको व्यापार प्रवर्द्धन अन्तर्गत यस आ.व.को कार्तिकदेखि पुस महिनासम्म जम्मा ३१६ वटा नमूनाहरूको विश्लेषण तथा प्रमाणीकरणको कार्य सम्पादन भएको छ । साथै उक्त अवधिमा जम्मा रू. १,२५,७२०/- (अक्षरेपी एक लाख पच्चीस हजार सात सय बीस) राजश्व संकलन भएको छ ।

साथै लामो समयदेखि रिक्त रहेको स्वास्थ्य सेवा फार्मेसी समूहको सातौं तहमा श्री राजेश्वर रञ्जितकार र कृषि सेवा भेटेरिनरी समूहको रा.प.तृ. पदमा डा. सनम महर्जनको पदपूर्ति भएको छ ।



नयाँ कर्मचारीहरुलाई स्वागत गर्दै प्रा.स.अ.परिवार

## राष्ट्रिय वनस्पति उद्यान, गोदावरी

मिति २०७९/०७/०३ देखि २०७९/०७/०६ गतेसम्म फ्लोरिकल्चर एशोसिएसन अफ नेपाल (FAN) द्वारा जावलाखेल फुटबल ग्राउन्ड, ललितपुरमा "रोपेर फूल गोदावरी, सजाऔं घर आँगन वरिपरि" नारा सहित आयोजित १५ औं गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनीमा यस राष्ट्रिय वनस्पति उद्यान, गोदावरीको तर्फबाट




१५ औं गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी र प्रदर्शनीमा विभागबाट सहभागिता

सूचनामुलक स्टल राखी सहभागिता जनाइएको थियो । FAN का सभापति श्री मीन बहादुर तामाङको अध्यक्षतामा मिति २०७९ कार्तिक ०३ गतेका दिन सम्पन्न उद्घाटन समारोहमा उद्योग वाणिज्य संघ नेपालका अध्यक्ष शेखर गोल्छा, प्रमुख अतिथि र नेपालको प्रसिद्ध हास्य कलाकार हरिवंश आचार्य विशेष अतिथि रहेको सो कार्यक्रममा वनस्पति विभागको तर्फबाट सहभागिता जनाउनु भएका महानिर्देशक डा. राधा वाग्लेले २०५३ सालसम्म वनस्पति विभागले नै गोदावरी फूलको प्रदर्शनी गर्ने गरेको जानकारी दिनुभयो र अबका दिनमा स्वदेशी शोभनीय वनस्पतिहरूको खेती तथा व्यवसायलाई प्रवर्द्धन गर्न वनस्पति विभाग अन्तर्गतका कार्यालयहरू तयार रहेको धारणा व्यक्त गर्नुभएको थियो ।

यसैगरी मिति २०७९/०७/१२ गते यस उद्यानको Diamond Jubilee को अवसरमा लौठसल्ला (*Taxus mairei*), टाँकी (*Bauhinia purpurea*), तुषारे (*Colquhounia coccinea*) लगायत ६० प्रजातिका वनस्पतिहरू उद्यान प्रमुख श्री दिपक लामिछाने र यस उद्यानका अन्य कर्मचारीहरूबाट उद्यानमा रोपण गरी मनाइयो ।



बिरुवा रोपण गर्नुहुँदै कार्यालय प्रमुख श्री दीपक लामिछाने



बिरुवा रोपण गर्नुहुँदै डा. तिर्थ बहादुर श्रेष्ठ

मिति २०७९/०७/२७ गतेका दिन राष्ट्रिय वनस्पति उद्यान, गोदावरीमा नेपालकै सम्मानित वनस्पतिविद् तथा २०६८ सालमा

राष्ट्रिय वनस्पति पुरस्कारबाट सम्मानित व्यक्तित्व डा. तिर्थ बहादुर श्रेष्ठज्यूबाट उद्यानमा रहेको मेसोजोइक एभिन्यूमा गिंको (*Ginkgo biloba*) को बिरुवा रोपण भएको थियो ।

यस उद्यानबाट वनस्पति शास्त्र विषयमा स्नातकोत्तर तह शोध वर्षमा अध्ययनरत दुईजना विद्यार्थीहरू (किरण तिवारी र सत्या गुप्ता) लाई छनौट गरी २०७९/०९/०१ गतेदेखि अनुसन्धानात्मक कार्यमा संलग्न गराइएको छ । साथै २०७९/०९/२४ गतेदेखि Volunteer Research Intern को रुपमा Erasmus Mundus Scholarship अन्तर्गत युरोपबाट स्नातकोत्तर गर्नु भएको प्रतिक्षा जोशीबाट अनुसन्धानात्मक कार्यमा सहयोग भइरहेको छ ।

मिति २०७९/०९/२२ गतेदेखि वनस्पति शास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरका उप-प्राध्यापक डा. अच्युत तिवारीज्यूको संलग्न्नतामा यस उद्यानको सबैभन्दा अग्लो, सबैभन्दा मोटो र सबैभन्दा पुरानो रुखहरूको उमेर tree increment borer को प्रयोग गरी पत्ता लगाउन piloting कार्यको शुरुवात गरिएको छ ।



Piloting कार्य गर्नुहुँदै

मिति २०७९/०७/०१ गतेदेखि २०७९/०९/३० गतेसम्म यस उद्यानबाट विभिन्न शीर्षकहरूबाट कूल रू. ७१,४६,७८०/- (अक्षरेपी एकहत्तर लाख छयालीस हजार सातसय असी रुपैयाँ) राजश्व संकलन भएको छ । बिरुवा बिक्रीबाट मात्र रू. १,३४,९५०/- (अक्षरेपी एक लाख चौंतीस हजार नौसय पचास रुपैयाँ) राजश्व संकलन भएको छ । सोही अवधिमा यस उद्यानमा १,४५,३५१ जना नेपाली तथा ७३० जना विदेशी नागरिकहरूले अवलोकन गरेका छन् ।

**New to NBG:** चालु आ.व. २०७९/८० को दोश्रो त्रैमासिक अवधि (कार्तिक-पुष) मा राष्ट्रिय वनस्पति उद्यान, गोदावरीमा नरहेका ८ प्रजातिका वनस्पतिको बिरुवाहरू र ९ प्रजातिका वनस्पतिको बीउहरू संकलन गरी संरक्षण गरिएको छ ।

| क्र.सं. | वैज्ञानिक नाम | परिवार | स्थानीय नाम | संकलन गरिएको स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | *Andrographis paniculata* (Burm.f.) Wall. ex Nees | Acanthaceae | कालमेघ | धनुषाधाम, धनुषा | बिरुवा |
| २ | *Bulbophyllum reptans* (Lindl.) Lindl. ex Wall. | Orchidaceae | सुनाखरी | चन्द्रागिरी, काठमाडौं | बिरुवा |
| ३ | *Clitoria ternatea* L. | Fabaceae | अपराजिता | वृन्दावन वनस्पति उद्यान, मकवानपुर | बिरुवा |
| ४ | *Coelogyne lancilabia* (Seidenf.) R.Rice | Orchidaceae | सुनाखरी | चन्द्रागिरी, काठमाडौं | बिरुवा |
| ५ | *Garcinia mangostana* L. | Clusiaceae | बाँदर फल | वृन्दावन वनस्पति उद्यान, मकवानपुर | बिरुवा |
| ६ | *Isodon phulchokiensis* (Murata) H.Hara | Lamiaceae | - | चन्द्रागिरी, काठमाडौं | बिरुवा |
| ७ | *Tagetes minuta* L. | Asteraceae | वन सयपत्री | फिक्कल, सिन्धुली | बिरुवा |
| ८ | *Vincetoxicum indicum* (Burm.f.) Mabb. | Apocynaceae | अंतमूल | धनुषाधाम, धनुषा | बिरुवा |
| ९ | *Berberis erythroclada* Ahrendt | Berberidaceae | लेक चुत्रो | चन्द्रागिरी, काठमाडौं | बीउ |
| १० | *Cassia fistula* | Fabaceae | राजवृक्ष | धनुषाधाम, धनुषा | बीउ |
| ११ | *Dobinea vulgaris* Buch.-Ham. ex D.Don | Anacardiaceae | सांगले | फुलचोकी, ललितपुर | बीउ |
| १२ | *Jatropha curcas* L. | Euphorbiaceae | सजीवन | धनुषाधाम, धनुषा | बीउ |
| १३ | *Miscanthus nepalensis* (Trin.) Hack. | Poaceae | - | चन्द्रागिरी, काठमाडौं | बीउ |
| १४ | *Viburnum mullaha* Buch.-Ham. ex D.Don | Viburnaceae | नार्को, मलो | चन्द्रागिरी, काठमाडौं | बीउ |
| १५ | *Terminalia arjuna* (Roxb. ex DC.) Wight & Arn. | Combretaceae | अर्जुन | धनुषाधाम, धनुषा | बीउ |
| १६ | *Terminalia bellirica* (Gaertn.) Roxb. | Combretaceae | बर्रो | धनुषाधाम, धनुषा | बीउ |
| १७ | *Senna alata* (L.) Roxb. | Fabaceae | खोर्पट | धनुषाधाम, धनुषा | बीउ |

## वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर

वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरद्वारा मिति २०७९/०९/२६ गते थाहा नगरपालिका वडा नं. ७, देउखेलमा देउखेल सा.व.उ.स. र थुम्केडाँडा कबुलियती वनका ४१ जना (महिला २२ जना र पुरुष १९ जना) सहभागीहरूलाई मकवानपुर जिल्लामा जडीबुटीको पहिचान, परम्परागत प्रयोग तथा खेती प्रविधि सम्बन्धी एक (१) दिने "जडीबुटी समूह/सहकारीमा जडीबुटी खेती सम्बन्धी प्राविधिक सरसल्लाह कार्यक्रम" सम्पन्न गरेको छ ।



जडीबुटी समूह/सहकारी खेती विस्तारका लागि प्राविधिक सरसल्लाह कार्यक्रम

विद्यालयहरूमा जडीबुटी सम्बन्धी जनचेतना कार्यक्रम अन्तर्गत श्री महेन्द्र ज्योति माध्यमिक विद्यालय, हाँडिखोलामा जडीबुटी सम्बन्धी जनचेतना कार्यक्रम संचालन गरिएको छ । कक्षा ८, ९ र १० का गरी ३० जना भन्दा बढी विद्यार्थीहरूको सहभागितामा वनस्पतिको परिचय, जडीबुटी र यसको महत्व तथा उपयोग विषयमा प्रशिक्षण गरिएको थियो । कार्यक्रम सञ्चालन असिस्टेन्ट बोटानिष्ट श्री युगल अर्यालले गर्नुभएको थियो ।



जडीबुटीसम्बन्धी जनचेतना कार्यक्रम



जडीबुटीसम्बन्धी जनचेतना कार्यक्रम

यसैगरी "संकटापूर्ण थप प्रजातिहरूको स्व-स्थानीय संरक्षण कार्यक्रम" अन्तर्गत हेटौंडा उप-महानगरपालिकाको पदमपोखरी स्थित प्रगतिशील मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका ३० जना सहभागीहरूलाई जगर (*Cycas*) तथा भोटे लहरा (*Gnetum*) संरक्षण सम्वन्धी सचेतनामुलक कार्यक्रम गरिएको छ । कार्यक्रममा वरिष्ठ वैज्ञानिक अधिकृत श्री रघुराम पराजुली र हेड फिल्ड असिस्टेन्ट श्री प्रतिज्ञा शर्माले सहजीकरण गर्नुभएको थियो । कार्यक्रम सञ्चालन स.वै.अ. श्री चन्द्रकला ठाकुरले गर्नुभएको थियो ।

## वनस्पति अनुसन्धान केन्द्र, धनुषा

वनस्पति अनुसन्धान केन्द्र, धनुषाको धनुषाधाम वनस्पति उद्यानमा मिति २०७९/९/१९ गते मंगलबारका दिन नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, जलवायु परिवर्तन व्यवस्थापन महाशाखा प्रमुख डा. बुद्धि सागर पौडेलज्यूको टोलीले उद्यानमा संचालित सम्पूर्ण कार्यक्रमहरूको अनुगमन, निरीक्षण गर्नुका साथै धार्मिक वाटिकामा डा. बुद्धि सागर पौडेलज्यू, वनस्पति विभागका पूर्व उपमहानिर्देशक श्री बटुकृष्ण उप्रेतीज्यू र मधेश प्रदेशका प्रादेशिक वन निर्देशनालयका वन निर्देशक श्री जगन्नाथ प्रसाद जैशवालज्यूले एक एक थान गरी जम्मा तीन थान भगवान शिवजीको प्रतीकको रुपमा चिनिएको रुद्राक्ष (*Elaeocarpus angustifolius*) को वृक्षारोपण गर्नु भएको थियो । सोही अवसरमा मधेश प्रदेशका उद्योग, पर्यटन तथा वन मन्त्रालयका सचिव श्री विशाल घिमिरेज्यूले पनि वनस्पति उद्यानको अवलोकन तथा निरीक्षण गर्नुका साथै धार्मिक वाटिकामा धार्मिक बिरुवा समी (*Ficus benjamina*) को वृक्षारोपण गर्नु भएको थियो ।







धार्मिक उद्यानमा वृक्षारोपण कार्यक्रमको झलकहरु

उहाँहरूले उद्यानमा भएका विभिन्न संरचनाका साथै नर्सरी क्षेत्र, फूल उद्यान, इथ्नोबोटानिकल वाटिका, गुलाब वाटिका, अर्किड हाउस, ग्रिन हाउस, क्याकटस हाउस, धनुष वाटिका, दुर्लभ तथा लोपोन्मुख वनस्पति वाटिका, जलीय वनस्पति वाटिका तथा धार्मिक वाटिकाको अवलोकन गर्नु भएको थियो । उद्यानको क्षेत्रफल धेरै भएको उक्त अनुपातमा बजेटको अभाव रहेको भए तापनि उद्यानमा भए गरेका कार्यहरू सराहनीय रहेको र यसलाई अझ व्यवस्थित बनाउनु पर्ने त्यसको लागि आवश्यक पर्ने बजेट पनि विनियोजन हुनुपर्ने धारणा राख्नु भएको थियो । उद्यानमा भइरहेका क्रियाकलाप र भावी योजनाबारे नि.का.प्र. श्री ताहिर हुसेनले विवरण प्रस्तुत गर्नु भएको थियो ।

### वनस्पति अनुसन्धान केन्द्र, बाँके

यस केन्द्रको चालू आ.व. २०७९/८० को जडीबुटी विकास कार्यक्रम अन्तर्गतको विद्यालयमा जडीबुटी सम्बन्धी जनचेतना कार्यक्रम श्री जनता माध्यमिक विद्यालय बैजनाथपुर, राप्ती सोनारी-९, बाँकेमा संचालन गरियो । उक्त कार्यक्रममा विद्यार्थी र शिक्षक सहित ८४ जनाको सहभागिता रहेको थियो । जनचेतना कार्यक्रममा स.वै.अ. श्री रामकृष्ण भण्डारी र असिस्टेण्ट बोटानिष्ट श्री प्रदिप पौडेलले जडीबुटीको परिचय, तराईमा पाइने जडीबुटी र त्यसको महत्व, जडीबुटीहरूको दिगो संकलनका साथै दुर्लभ तथा लोपोन्मुख वनस्पतिहरू बारे जानकारी प्रदान गर्नुभयो । उक्त कार्यक्रममा यस केन्द्रले उपलब्ध गराएका जडीबुटीका बिरुवाहरू कालमेघ, सर्पगन्धा,





विद्यालयमा जडीबुटीसम्बन्धी जनचेतना कार्यक्रमका झलकहरु

गुर्जो, बोझो, लेमनग्रास, कुरिलो, अमला, हर्रो, बर्रो, निम लगायतका ५० थान बिरुवा विद्यालय परिसरमा रोपण गरियो ।

यस केन्द्रको चालु आ.व. ०७९/८० को जडीबुटी विकास कार्यक्रम अन्तर्गतको जडीबुटी खेती तालिम कार्यक्रम, राप्ती सोनारी-२, टिकुलीपुर, बाँकेमा संचालन गरियो । मिति २०७९/०९/२४ देखि २०७९/९/२६ सम्म संचालित तीन (३) दिने तालिममा सर्पगन्धाको खेती प्रविधि, नर्सरी, संकलन, प्रशोधन, भण्डारण लगायत सर्पगन्धाको आयुर्वेदिक महत्वबारे कक्षा संचालन गरिएको थियो । उक्त तालिममा चारवटा सामुदायिक वनका १५ महिला र ५ पुरुष गरी २० जनाको सहभागिता रहेको थियो । तालिम समापन कार्यक्रममा चारवटै सामुदायिक वनमा सहभागीहरूले सर्पगन्धाको खेती गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।



जडीबुटी खेती तालिमका सहभागी र सहभागीहरूलाई प्रशिक्षण गर्नुहुँदै

### वनस्पति अनुसन्धान केन्द्र, जुम्ला

जैविक विविधताले धनी मानिने कर्णालीमा विद्यालयस्तरको विद्यार्थीहरूलाई नेपालको वानस्पतिक विविधताबारे जानकारी गराउने तथा विद्यार्थी मार्फत जडीबुटीको संरक्षण तथा व्यवस्थापन सम्बन्धी जनचेतनाका साथै प्रचार प्रसार गरी जडीबुटीको दिगो संकलन तथा व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले वनस्पति अनुसन्धान केन्द्र जुम्लाद्वारा पातारासी गा.पा.-७ स्थित श्री सरस्वती मा.वि.मा संचालन गरिएको विद्यालयमा जडीबुटी सम्बन्धी जनचेतना कार्यक्रममा माध्यमिक तहमा अध्ययनरत ११४ विद्यार्थीहरू साथै शिक्षक र प्रधानाध्यापक सहभागी रहेका थिए । उक्त कार्यक्रममा विद्यार्थीहरूसँग नेपालमा पाइने प्रमुख जडीबुटीहरू, जडीबुटीको स्थानीय उपयोग, संरक्षण, दिगो संकलन, जडीबुटीमा जलवायु







जडीबुटीसम्बन्धी जनचेतना कार्यक्रमका झलकहरु

परिवर्तनले पारेको असर र जडीबुटी संरक्षणमा शिक्षक र विद्यार्थीको भूमिकाबारे छलफल गरिएको थियो । उक्त कार्यक्रममा वनस्पति अनुसन्धान केन्द्र, जुम्लाका नि. कार्यालय प्रमुख श्री तेज बहादुर दर्जीले जडीबुटी खेतीको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती समेत जानकारी गराउनु भएको थियो ।

यस केन्द्रले मिति २०७९/०८/१४ देखि २०७९/०८/१५ गतेसम्म जुम्ला जिल्लास्थित तिला गाउँपालिका वडा नं. ४ गाडापारिमा जडीबुटी खेती सम्बन्धी तालिम संचालन गरेको थियो । उक्त दुई दिने तालिमको सोही वडाका वडा अध्यक्ष श्री भक्त विर सार्कीले ब्यानर पढी उद्घाटन गर्नु भएको थियो । ३५ जना जडीबुटी कृषक व्यापारी र खेती गर्न इच्छुक व्यक्तिहरू उक्त जडीबुटी खेती सम्बन्धी तालिममा सहभागी थिए । सहभागीहरू समक्ष नेपालमा पाइने विभिन्न जडीबुटीको स्थानीय उपयोग, संरक्षण, दिगो संकलन, भण्डारण र जडीबुटीको महत्वबारे सामान्य छलफल गरिएको थियो । त्यस्तै उक्त तालिममा मुख्यतयः जुम्ला जिल्लामा अतिस खेतीको सम्भावना, खेती विधि, संकलन तथा भण्डारणबारे यस केन्द्रका नि. कार्यालय प्रमुख श्री तेज बहादुर दर्जीले प्रशिक्षण प्रदान गर्नु भएको थियो । तालिमको दोस्रो दिन सहभागीहरूलाई नर्सरी ब्याड निर्माण र अतिसको बीउ छर्ने विधिबारे प्रयोगात्मक अभ्यास गराइएको थियो । सहभागीहरूले तालिमप्रति सकारात्मक धारणा राख्दै जडीबुटी सम्बन्धी तालिम प्रदान गरेकोमा वनस्पति अनुसन्धान केन्द्र, जुम्लालाई धन्यवाद दिदै तिला गा.पा. वडा नं. ४ का वडा अध्यक्ष श्री भक्त विर सार्कीले जडीबुटी सम्बन्धी विषयवस्तु कार्यपालिकाको बैठकमा उठाउने अवगत गराउँदै तालिमको समापन गर्नुभएको थियो ।





जडीबुटी खेतीसम्बन्धी तालिम कार्यक्रमका झलकहरु


## सम्पादक मण्डल

**सल्लाहकारहरू**

डा. राधा वाग्ले
(महानिर्देशक)

सरोज कुमार चौधरी
(उप-महानिर्देशक)

**सम्पादन**

रमेश बहादुर बस्नेत
डा. सम्झना प्रधान
कल्पना शर्मा (ढकाल)
निशान्त श्रेष्ठ
प्रतिक्षा श्रेष्ठ

सम्पर्क
**प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा**
फोन नं.: ०१ ५-३६८२४६, ५-३५११६०
इमेल: info@dpr.gov.np वेबसाइट: www.dpr.gov.np